# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः २४ | मितिः २०७६/०७/२१

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको कार्यविधि नं. १०**

# गौमुखी गाँउपालिका सेफहाउस सञ्चालन कार्यविधि २०७५

**गाँउकार्यपालिकाबाट स्विकृत मिति : २०७५।११।२९**

**प्रस्तावना :** गौमुखी गाँउपालिका क्षेत्रभित्रका हिंसा प्रभावित महिला, बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूलाई अल्पकालिन रुपमा सुरक्षित आवास केन्द्र उपलब्ध गराउनका लागि गौमुखी गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम “सेफहाउस सञ्चालन कार्यविधि २०७५” रहेको छ ।

यो कार्यविधि गाँउकार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागू हुनेछ ।

**परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१ गौमुखी गाँउपालिका क्षेत्र भन्नाले “गौमुखी गाँउपालिका स्थित १ देखि ७ वडामा अवस्थीत स्थानहरू” सम्झनु पर्दछ ।

२ महिला भन्नाले “हिंसा प्रभावित महिला” सम्झनु पर्दछ ।

३ बालबालिका भन्नाले “१८ बर्षमुनिका बालक वा बालिका” सम्झनु पर्दछ ।

४ अपाङ्ग भन्नाले “अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५ अनुसार परिचय पत्र प्राप्त अशक्तता भएका व्यक्ति” सम्झनुपर्दछ ।

५ ज्येष्ठ नागरिक भन्नाले “६० बर्ष उमेर पुगेका व्यक्ति” सम्झनु पर्दछ ।

## परिच्छेद २

**उद्देश्य र मापदण्ड :** यस कार्यविधिको उद्देश्य निम्नबमोजिम रहने छ ।

१ गौमुखी गाँउपालिका क्षेत्रभित्रका हिंसा प्रभावित महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूलाई अल्पकालिन रुपमा आवास सेवा उपलब्ध गराउने ।

**सेवा सम्बन्धी मापदण्ड देहायबमोजिम रहनेछ :**

१ यस कार्यविधिअनुसार एक व्यक्तिलाई बढिमा ४५ दिनसम्म अल्पकालिन रुपमा सेवा उपलब्ध गराउन सकिनेछ ।

२ यस कार्यविधिअनुसार तोकिएको वर्ग (हिंसा प्रभावित महिला, बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिक) लाई मात्र सेवा उपलब्ध गराउन सकिनेछ ।

३ यस कार्यविधिअनुसार अल्पकालिन आवास सेवा प्राप्त गर्ने व्यक्तिले आवास केन्द्रमा निशुल्क रुपमा खाना तथा आवासको सुविधा प्राप्त गर्न सक्नेछन ।

४ यस कार्यविधिअनुसार आवश्यक भएमा औषधीउपचारको लागि बढीमा प्रतिव्यक्ति रु. १०००। सम्म उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

**सेफहाउस सञ्चालन प्रक्रिया :** १ परिच्छेद २ मा उल्लेख गरिएबमोजिमका हिंसा प्रभावित व्यक्तीहरूलाइ अल्पकालिन रुपमा आवास सेवा उपलब्ध गराउने प्रयोजनको लागि वार्षिक रुपमा एकमुष्ट रु ६०,०००। रकम गौमुखी गाँउपालिकाको श्रोतबाट छुट्याइने छ ।

२ सेफहाउस सञ्चालन गर्नको लागि गाँउपालिकाले कोठा भाडामा लिन सक्नेछ ।

३ सेफहाउस सञ्चालनको लागि सेवाग्राहीहरूलाई बसुन्जेल सेवा उपलब्ध गराउनको निमित्त एकजना स्वयंसेवक कर्मचारी नियुक्त गर्नसक्नेछ । स्वयंसेवक कर्मचारीको सेवासुविधा गाँउकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

४ सेफहाउस सञ्चालनलाई प्रभावकारी बनाउनको निमित्त देहायबमोजिमको सेफहाउस सञ्चालक समिति रहनेछ ।

गौमुखी गाँउपालिकाका उपाध्यक्ष : संयोजक

गौमखी गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत : संरक्षक

गौमुखी गाँउपालिका महिला बालबालिका तथा समाजकल्याण शाखा हेर्ने कर्मचारी : सदस्य सचिव

५ सेफहाउस सञ्चालक समितिको बैठक आवश्यक परेको खण्डमा जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

६ सेफहाउस सञ्चालक समितिको बैठक भत्ता एवम् अन्य सेवा सुबिधा गाँउकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ४

**रकम भुक्तानी प्रक्रिया, प्रतिवेदन तथा अभिलेखसम्बन्धी व्यवस्था :**

१ रकम खर्च भएका सम्पूर्ण कागजात एवम् चौमासिक प्रतिवेदन स्वयम्सेवक कर्मचारीले गौमुखी गाँउपालिकाको कार्यालयमा ल्याइ रकम भुक्तानीको लागि निवेदनपत्र सहित अनुरोध गर्न सक्नेछ र चौमासिक रूपमा गाँउपालिकाले खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

२ अल्पकालिन रुपमा आवास सुविधा प्राप्त गर्नेको विवरण स्वयम्सेवक कर्मचारीले अभिलेख गरी राख्नुपर्नेछ ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत